**STUDY JAPAN**

६ महिना tuition fees & Hostel गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने

Intake: October/Jan

- Free NAT/JLPT classes
- Pay after visa
- 100% Part Time Job support
- Full support in Japan
- +12 & above can apply
- Scholarship available
- Translation & Documentation
- NAT/JLPT not required
- School & Location of your Choice
- **NAT/JLPT classes are running by language expert**

*Hurry up limited seat only*

**NADESHIKO** Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सगै)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ५ ❍अंक २७२ ❍श्रेणी 'क' ❍२०७१ असार ३० गते सोमबार ❍ 14 July, 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि

**कोरियन भाषा**

- ✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
- ✓EPS-TOPIK परिक्षा सम्बन्धी नि:शुल्क परामर्श ।
- ✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
- ✓FREE books with cd
- ✓Regular class/ Mock test
- ✓गुपमा आउनेहरुलाई विशेष छुट ।

Hurry Up!!

**PLATFORM** INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

## एमालेमा नेपाल र ओलीबीच कडा टक्कर

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ३० असार ।**

नयाँ नेतृत्वका लागि भएको नेकपा (एमाले) को दशरथ रङ्गशालामा जारी मतगणनामा अहिले पदाधिकारीको गणना स्थगित गरेर केन्द्रीय सदस्यको गणना मात्र अघि बढाइएको छ।

एमाले केन्द्रीय निर्वाचन आयोगका सदस्य सानुराजा पोखरेलका अनुसार पदाधिकारीतर्फ एक हजार ३०० को हाराहारीमा मतगणना भएपनि सोमबार साँझ पदाधिकारीको गणना रोकिएको हो। साँझसम्मको विवरणमा अध्यक्षका प्रत्याशी माधवकुमार नेपालको ६६६ र केपी शर्मा ६०१ मत प्राप्त भएको छ। राति ८ बजेबाट गणना गर्ने भनिएपनि सदस्यको गणनामा समय लागेका कारण पदाधिकारीहरुको गणना अबेरमात्र पुन: शुरु गरिएको छ। पदाधिकारीतर्फ अब गण्डकी, लुम्बिनी, धौवलागिरि, भेरी, राप्ती, सेती, महाकाली र प्रवासका गरी ९६७ मत गणना हुन बाँकी छ। अहिलेसम्म अध्यक्षमा करिब २५ मत खाली परेका छन् केही मत



नतिजाको व्यग्र प्रतिक्षामा अध्यक्षका उम्मेदवार माधवकुमार नेपाल र केपी शर्मा ओली।

बदर भएका छन्। अन्य पदमा पनि नेपाल समूहकै अग्रता छ।

कुल एक हजार ३०५ मतगणना हुँदा अध्यक्षका उम्मेदवार नेपालले ६४१ र अध्यक्षका अर्का प्रत्यासी ओलीले ५९३ मत प्राप्त गरेका थिए।

यसैगरी उपाध्यक्षमा भीम रावलको ६९०, उपाध्यक्ष वामदेव गौतम ६३६, लालबाबु पण्डित ६५८, विद्या भण्डारी, ६२०, अष्टलक्ष्मी शाक्य ६१३, प्रदीप नेपाल ५६१, राजेन्द्र पाण्डे ६६३, किरण गुरुङ ५७२, युवराज ज्ञवाली, ६८७, धर्मनाथ साह ५३९ रहेको छ।

महासचिवका उम्मेदवार सुरेन्द्र पाण्डे ६६१, ईश्वर पोखरेल ५८७, उपमहासचिवहरू, घनश्याम भुसाल ६९४, विष्णुप्रसाद पौडेल ६१८, रघुजी पन्त ६३२, शङ्कर पोखरेल ५९१, सचिवका उम्मेदवारहरू प्रदीप ज्ञवाली, ६४२, पृथ्वी सुब्बा गुरुङ ५८२, गोकर्ण विष्ट ७७६, योगेश भट्टराई ६८७, बेदुराम भुसाल ६३१, विष्णु रिमाल ५७२, भीम आचार्य ६६४, रघुवीर महासेठ ५२९, पर्शुराम मेघी गुरुङ ६६१, केशवलाल श्रेष्ठ ५१० मत प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ। पाँच बुथमध्ये अहिलेसम्म तीन बुथको मतगणना सम्पन्न भएको छ। बाँकी दुई बुथ गणना गरेर छ घण्टापछि मात्रै समग्र मतगणनाको परिणाम आउने आयोगले जानकारी दिएको छ।

आइतबारको गणनामा ओली समूहले केही मतअन्तरले अगुवाइ गरेको थियो। गणना हुन बाँकी क्षेत्रमा ओलीले केही मतले अगुवाइ गर्ने अनुमान गरिएको भएपनि नेपाल पक्षले समेत आफूले जित्ने दावी गरिरहेकोले अन्तिममा कसको विजय हुन्छ अनुमान गर्न कठीन भएको छ। यही असार १९ गतेदेखि काठमाडौंमा भएको एमालेको नवौं महाधिवेशनमा २६ गते निर्वाचन भएको थियो। निर्वाचनमा २१७६ प्रतिनिधिमध्ये २१५२ प्रतिनिधिले भाग लिएका थिए।

## जोशीको मुद्दा फेरि थन्कियो

**काठमाडौं ३० असार।(रासस)**

सर्वोच्च अदालतमा दायर भएको पूर्वमन्त्री गोविन्दराज जोशीको भ्रष्टाचारसम्बन्धी मुद्दाको सुनुवाइ सोबारदेखि प्रारम्भ भएको छ। न्यायाधीशद्वय गोपाल पराजुली र दीपकराज जोशीको संयुक्त इजलासमा परेको सो मुद्दाको सुनुवाइ भए पनि सोमबार नसकिएकाले हेर्दा हेर्दैमा राखिएको छ। गैरकानुनीरूपले सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा विशेष अदालतका अध्यक्ष गौरीबहादुर कार्की तथा सदस्यद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासले जोशीबाट रु दुई करोड १६ लाख १४ हजार सम्पत्ति जफत गर्नाका साथै छ महिना कैद गर्नुपर्ने आदेश गरेको थियो। आफ्नो आर्जन, खेतीपातीबाट भएको आम्दानी, परिवारले विदेशमा कमाएको सम्पत्तिसमेतलाई विशेष अदालतले भ्रष्टाचारबाट कमाएको भनी गरेको आदेश नमिलेकाले पुनरवलोकन गर्न २०७० वैशाखमा सर्वोच्च अदालतमा निवेदन परेको थियो। सो मुद्दामा पूर्वमन्त्री जोशीसहित अन्य छ जनालाई कारवाहीको आदेश भएको थियो।



**रेष्टुरेन्ट विक्रीमा**

**पोखरा-४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-विक्रीमा छ ।**

**पहिला आउनेलाई विशेष ग्राह्यता**

**सम्पर्क : ९८४६०३७०८७**

## लागूऔषध सहित पक्राउ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० असार ।**

कास्कीको लेखनाथ नगरपालिकाबाट सोमबार दिउसो दुई युवालाई लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा लेखनाथ-२, रिट्ठेपानीका २९ वर्षीय अशोक गुरुङ र लामाचौर गाविस-३ की २४ वर्षीय रेखा गुरुङ रहेको इलाका प्रहरी कार्यालय डाँडाको नाकका प्रमुख गंगाबहादुर थापाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। प्रहरी हवलदार मुक्ति पगेनी नेतृत्वको टोलीले रिट्ठेपानीस्थित गुरुङकै घरबाट दुवैलाई पक्राउ गरिएको थियो। उनीहरुबाट प्रहरीले ३९ थान ब्रूफिनफिन, ४० थान नाइट्रोजाम, ४२ थान फेनागरन समेत बरामद गरिएको थियो।

**Accounting & Banking Training**

MATCOSC नै किन ?

यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरुबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ग्यारेन्टीका साथ Job गर्नका लागि ।

**Manual Accounting:**
- Business Accounting (Hotel, Bank, NGO, School, Company)
- VAT, Income Tax, Banking

**Computrized Accounting:**
- Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO

*Free Admission, Certificate & Training Meterial*

*Mega Offer for +2, BBA/BBS Student*

Contact :
*MATCOSC*
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

## बजेटले पर्यटन विकासमा योगदान दिने हानको विश्वास

**काठमाडौं ३० असार ।(रासस)**

सरकारले प्रस्तुत गरेको आव २०७१/७२ को बजेटमा सम्पूर्ण नेपाललाई नै पर्यटकीय सम्भावना युक्त क्षेत्रको रुपमा परिभाषित गरी आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रुपमा विकसित गराई राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको योगदान बढाउने सरकारी प्रतिबद्धताबाट पर्यटन क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय योगदान पुग्ने होटल सङ्घ(हान) नेपालले जनाएको छ। हानले सोमबार जारी गरेको विज्ञप्तिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा, पोखरा, विराटनगर, नेपालगञ्ज, धनगढी, जनकपुर, भद्रपुर, सुर्खेतलगायतका क्षेत्रीय तथा साना विमानस्थलहरू, निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण, स्तरोन्नति र निर्माणमा बजेट विनियोजन गरिएकामा स्वागत गरेको छ।

पोखराको फेवातालमा म्युजिकल वाटर फाउन्टेन निर्माण गर्ने अवधारणाप्रति निजी क्षेत्र सकारात्मक रहेको तथा लुम्बिनी, पशुपति, जनकपुरलगायतका धार्मिक तथा सांस्कृतिक धरोहर क्षेत्रहरूको विकासका लागि योजनाबद्ध विकास प्राथमिकताका साथ गर्नुपर्ने निजी क्षेत्रको मागलाई बजेटले सम्बोधन गरेको पनि उल्लेखनीय रहेको उल्लेख गरिएको छ। उच्च पहाडी ग्रामीण पर्यटन मार्गलाई पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत द ग्रेट हिमालयन ट्रेलको विकास गरी पर्यटन आकर्षण बढाउने लक्ष्य बजेटको अर्को सकारात्मक पक्ष रहेको बताउँदै राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवाको क्षमता विस्तार गर्न थप विमानहरू, रारा ताललगायतका अन्य महत्वपूर्ण तालतलैयाहरूमा नयाँ गन्तव्यको विकासका लागि खोलिने रिसोर्ट तथा २ अरबभन्दा माथिको लगानी गर्ने होटल व्यवसायलाई १० वर्ष आयकर छुट दिने घोषणाबाट पर्यटन विकासमा टेवा पुग्ने हानका अध्यक्ष विके

*बाँकी अन्तिम पृष्ठमा......*

**अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको प्रवेश शुल्कको टिकट दरमा परिवर्तन गरिएको सूचना**

**पोखरा उपमहानगरपालिका वडा नं. १७ रातोपैह्रोस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा आउने स्वदेशी तथा विदेशीहरुका लागि यहि २०७१ श्रावण १ बाट लागू हुने गरी प्रवेश शुल्कदरमा निम्नअनुसार परिवर्तन गरिएको व्यहोरा जानकारी गराउछौं । साथै यसबाट पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।**

| क्र.सं. | विवरण | पुरानो दर | नयाँदर |
|---|---|---|---|
| १. | विदेशी प्रति टिकट | रु.३००।- | रु.४००।- |
| २. | सार्क मुलुक प्रति टिकट | रु.१००।- | रु.२००।- |
| ३. | नेपाली प्रति टिकट | रु.५०।- | रु.८०।- |
| ४. | नेपाली विद्यार्थी प्रति टिकट | रु.३५।- | रु.४०।- |
| ५. | बगैंचा प्रवेश प्रति टिकट | रु.१०।- | रु.२०।- |

## आश्चर्य र उल्लासका बीच विश्वकप फुटबल

**मुना काकी**
**काठमाडौं ३० असार ।**

एक महिनासम्म विश्वभर चर्चाको शिखरमा रहेको २०औं संस्करणको विश्वकप फुटबल प्रतियोगिता विभिन्न कीर्तिमानका साथै फुटबलको इतिहासमा नयाँ अध्याय थप्दै मंगलबार बिहान सम्पन्न भयो। विश्वकप फुटबल प्रतियोगिताको उपाधिसँगै जर्मनीले विभिन्न कीर्तिमानसमेत कायम गर्‍यो। विश्वकप इतिहासमा जर्मनीले सेमिफाइनल खेलमा ६ मिनेटको अवधिमा ४ गोल गर्दै कम समयमा धेरै गोल गर्ने राष्ट्रको नाममा नयाँ कीर्तिमान कायम गर्‍यो भने सेमिफाइनल खेलमा जर्मनीले विश्वकप आयोजक ब्राजिललाई ७-१ गोलअन्तरले पराजित गर्दै विश्वकप फुटबलमा सबैभन्दा धेरै गोलको अन्तर गर्ने टोलीको उपाधिसमेत प्राप्त गर्‍यो।

यस्तै जर्मनीका खेलाडी मिरास्लाभ क्लोजले यस विश्वकपमा नयाँ कीर्तिमान कायम गर्ने सौभाग्य प्राप्त गरे। उनले ब्राजिलविरुद्धको सेमिफाइनल खेलमा एक गोल गर्दै यसअघिसम्म ब्राजिलका स्ट्राइकर रोनाल्डोको नाममा रहेको सर्वाधिक गोल गर्ने खेलाडीको कीर्तिमानलाई भङ्ग गर्दै नयाँ कीर्तिमान कायम गरे। यसबाट ३६ वर्षीय क्लोज विश्वकप फुटबल प्रतियोगितामा सबैभन्दा बढी गोल गर्ने खेलाडीका रूपमा चिनिए। उनले रोनाल्डोको नाममा रहेको १५ गोलको कीर्तिमानलाई तोड्दै विश्वकप इतिहासमा नयाँ कीर्तिमान कायम गरेका हुन्। क्लोजको नाममा अब १६ गोल रहेको छ। उनले सन् २००६ को विश्वकप प्रतियोगितामा पाँच गोल गर्दै सबैभन्दा बढी गोल गर्ने खेलाडीको उपाधिसँगै गोल्डेन बुटसमेत जितेका थिए।



विश्वकप इतिहासमा नै जर्मनी पहिलोपटक दक्षिण अमेरिकी भूमिमा उपाधि जित्ने पहिलो टोलीसमेत बन्यो भने सर्वाधिक विश्वकप जित्ने टोलीअन्तर्गत इटालीसँगै दोस्रो स्थानमा उक्लियो। इटालीले चारपटक विश्वकप जितेको छ भने ब्राजिल पाचौंपटक विश्वकप जितेर पहिलो स्थानमा छ। जर्मनीको जितका लागि मारियो गोजेटले खेल सकिन सात मिनेट बाँकी हुँदा गरेको ऐतिहासिक एक गोल नै जर्मनीको उपाधिका लागि निर्णायक बन्यो। जर्मनीले पहिलोपटक सन् १९५४मा विश्वकप जितेको थियो भने दोस्रो सन् १९७४ र तेस्रो १९९० मा विश्वकप उचालेको थियो। यसैगरी कोलम्बियाका गोल रक्षक फारयड मोन्डागनले उमेरसमूहमा नयाँ कीर्तिमान कायम गरे। उनले ४३ वर्षको उमेरसम्म पनि विश्वकप खेल्दै नयाँ कीर्तिमान कायम गरेका हुन्। यसअघि क्यामरुनका खेलाडी रोजर भिल्लाको नाममा उक्त कीर्तिमान रहेको थियो। सन् १९९४ मा भएको विश्वकपमा खेल्दा उनी ४२ वर्षका थिए। यस्तै पाँचपटकको विश्वकप विजेता र यसपटकको आयोजक ब्राजिलको लागि भने यस विश्वकपले नकारात्मक कीर्तिमान दियो। सेमिफाइनल खेलमा जर्मनीसँग ७-१ को अकल्पनीय हार बेहोरेपछि ब्राजिलका लाखाँ समर्थकमात्र निरास भएनन् नेपालकै एक किशोरीले समेत त्यो गहिरो चोटको आबेग नियन्त्रण गर्न नसकी आत्महत्या गरेको समाचार आउँदा नेपालीहरूलाई थप दु:खी तुल्यायो। ब्राजिल विश्वकप इतिहासमा नै पहिलोपटक यति फराकिलो गोलअन्तरले हार्ने पहिलो टिमसमेत बन्यो। यस हारलाई ब्राजिलले विश्वकप इतिहासमा कालो धब्बाका रूपमा समेत लिएको छ भने यसपटकको विश्वकपमा सर्वाधिक चर्चा र आश्चर्यको विषय पनि यही नै हुन पुग्यो।

ब्राजिलका खेलाडी नेमारलाई सेमिफाइनलमा गुमाउनु नै ब्राजिलका लागि घातक बन्न पुग्यो। कोलम्बियाविरुद्धको क्वाटरफाइनल खेलमा कोलम्बियाका खेलाडी हुँवा जुनिगाले नराम्रोसँग टचाकल गर्दा उनको ढाडको हड्डी नै भाँचिन पुग्यो जसले गर्दा त्यसपछिका खेलमा नेमारले खेल्न पाएनन्।

यसैगरी विश्वकप यात्रामा अर्को एउटा रोचक तथ्य बन्यो इटालीका खेलाडी जर्जियो चेलिनीलाई टोकेको घटना। उरुग्वेका फरवार्ड लुइस सुआरेजले इटालीविरुद्धको खेलमा जर्जियोलाई अचानक कुममा टोक्दै विश्वकप इतिहासमा नै पहिलोपटक सबैभन्दा बढी जरिवानाको भागिदार बन्नपुगे। कारबाहीस्वरूप सुआरेजलाई अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले नौ अन्तर्राष्ट्रिय खेलमा प्रतिबन्ध लगाउनुका साथै चार महिनासम्म खेल्न नपाउने सजाय तोक्यो। उसलाई कारबाहीस्वरूप एक लाख बाह्र हजार डलर जरिवानासमेत गरियो। यो विश्वकप इतिहासमा नै सबैभन्दा ठूलो कारबाही हो। सो प्रतियोगितामा उरुग्वेले इटालीलाई १-० गोलअन्तरले पराजित गरेको थियो। यस विश्वकपमा सुरुदेखि नै असाध्यै उत्साहजनक खेल प्रदर्शन

*बाँकी अन्तिम पृष्ठमा......*

**Study, Work & Live in NEW ZEALAND**

Intake June / Jully 2014

Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)

Min Req: +2/'A' Level/ GED or eqvl. IELTS: Optional Levels: 5,6,7

Why Royal Int'l Edu. Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...

ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.

Pokhara office: 2nd Floor, Batas Malla Complex, Chipledhunga, 061 551041
E: info@royalien.com
W: www.royalien.com

Available Courses: Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training, Hotel Management & many more...

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

\- बाइवल

## सम्पादकीय . .

# संविधान निर्माणले तीव्रता पाओस

देश यतिबेला संविधान निर्माणको प्रक्रियामा भए पनि जनअपेक्षित संविधान बन्ने विश्वास कसैलाई छैन । पहिलो संविधानसभाले चार वर्ष बिताएर पनि दिन नसकेको संविधान दोस्रो संविधानसभाले एकवर्षभित्रै निर्माण गरिसक्ने बाचा संविधानसभामा प्रतिनिधित्व गरेका दलहरूले गरिरहेका छन् । संविधानसभाका दलहरूको प्रतिबद्धता भए पनि विवादित विषयहरूमा उनीहरूबीचमै सहमति कायम हुन सकिरहेको छैन । दलहरूबीच सहमति बन्न नसकेका विषयहरूलाई मतदान प्रक्रियाबाट टुंगो लगाउने सवालमा सहमति भएकाले जसरी तसरी नै भए पनि संविधान भने जारी गर्ने प्रयासमा दलहरू छन् भनेर बुझ्न सकिने भएको छ । संविधानसभाले देशमा चुलिएको संकटलाई समाधान गर्ने संविधान निर्माण गर्न सक्ला भनेर विश्वास गर्ने ठाउँ कतै छैन । दश वर्षसम्म सशस्त्र संघर्ष गरेको माओवादी शक्ति, जसले संविधानसभाको चुनावको एजेण्डालाई उठाएर अन्य दलहरूलाई त्यसमा सहमत गराउन सफल भएपछि शान्ति प्रक्रियामा अवतरण गरेको हो । यो शक्ति संविधानसभामा कमजोर अवस्थामा छ भने सडकमा पनि उसको शक्ति निर्णायक र दवावमूलक हैसियतमा छैन । संविधानसभाको चुनाव गर्ने सम्बन्धमा युद्धकालदेखि नै विरोधी रहेका कांग्रेस र एमालेको वर्चस्व बन्न पुगेको वर्तमान संविधानसभाले दशवर्षे युद्धका एजेण्डाहरूलाई सम्बोधन गर्ने खालको संविधान निर्माणतिर ध्यान पुऱ्याउला भनेर आशा र विश्वास गर्न सकिँदैन । २०४७ सालकै संविधानलाई सर्वोत्कृष्ट भन्दै आएका नेपाली कांग्रेस र नेकपा (एमाले)का नेताहरूलाई संविधानसभाबाट निर्माण गरिने संविधान त्योभन्दा स्तरीय र जनपक्षीय आवश्यक छैन । राजाले टाउको उठाएर आफ्नो शक्ति विस्तार गर्नका लागि मार्ग प्रशस्त गरेको २०४७ को संविधानलाई नै संसारको नमूना संविधान मानेका दलका नेताहरूले राजाको ठाउँमा राष्ट्रपति आइसकेकाले अब आफूहरूको अधिकारमाथि कसैले पनि हस्तक्षेप गर्न नसक्ने विश्वास गरेका छन् । परन्तु सर्वाधिकार सम्पन्न राजालाई नै गद्दीबाट खसाल्न सफल भएको दश वर्षे जनयुद्धको लक्ष्य के थियो भन्नेतर्फ उनीहरूले ध्यान पुऱ्याएका छैनन् । जनयुद्धकै क्रममा जनताका बीचबाट संगठित बनेको जनसेनाले हतियार थन्काएर रुखका हाँगा बोकेर राजतन्त्रविरुद्धको जुलुसमा देखाएको अलग पहिचान दिने खालको प्रदर्शनले नै राजनीतिमा परिवर्तनको ढोका खोलेको हो भन्ने यथार्थलाई बिर्सनु ठूलो गल्ती हुनेछ । जनता जति सर्वशक्तिमान कोही पनि छैन भन्ने कुरा दश वर्षको जनयुद्ध र त्यही जनयुद्धले विकास गरेको २०६२/०६३ को जनआन्दोलनले स्पष्ट गरेको छ । कांग्रेस र एमालेका नेताहरूका मनमस्तिष्कमा गढेको संवैधानिक राजतन्त्रको दायराबाट उनीहरूलाई अलग गराउन र २ सय ४० वर्षे परम्परागत राजतन्त्रको किल्लाबाट राजालाई समेत बाहिर निकाल्न सफलता हासिल गरेको दश वर्षे जनयुद्धको जग अझै भत्किएको छैन भन्ने कुरा संविधान निर्माणमा जुटेका दलका शीर्ष नेताहरूले बुझ्न जरुरी छ । जनयुद्धको जग भनेको जनताको चाहना हो । जनताको चाहनाले जनयुद्ध सुरु भएको हो । अन्यथा सानो आकारबाट सुरु भएको जनयुद्धले देशव्यापी लहर ल्याउने थिएन । त्यसैले जनयुद्धको जगलाई कमजोर ठान्नु हुँदैन । जनयुद्धका एजेण्डाहरूलाई सम्बोधन गरेर जनअपेक्षित संविधान निर्माण गरियो भने मात्र दीर्घकालीन शान्ति कायम हुन सक्नेछ ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल आषाढ ३१ गते मंगलबार, तदनुसार जुलाई १५ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणकृष्णपक्ष चलिरहेको छ । शौरमान अनुसार आज श्रावणकृष्णपक्षको तृतीया तिथि ११ घटि ५१ पला अर्थात बिहानमा १० बजेर ०३ मिनेटसम्म त्यसउप्रान्त चतुर्थी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा कुम्भ राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि १२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १९ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजे हुनेछ ।**

## आजको राशिफल

**मेष :** विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**वृष :** व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

**मिथुन :** आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

**कर्कट :** दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

**सिंह :** शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

**कन्या :** गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

**तुला :** यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

**वृश्चिक :** शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

**धनु :** धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

**मकर :** समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

**कुम्भ :** आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

**मीन :** मानसिक पीडा थपिनेछ, प्रेममा बिछोड हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# संस्कृति विलोपनको नमूना : विन्ध्यवासिनीको पूजा परम्परा

✍ **चन्द्रप्रकाश बानियाँ**



विन्ध्यवासिनी मन्दिर पोखरा उपत्यकाको परिचयको अभिन्न अङ्ग हो । खासगरेर आन्तरिक पर्यटकहरूका लागि फेवा, वेगनास र माछापुच्छ्रेको भन्दा यसको महत्व कुनै अर्थमा कम छैन । तर विडम्बना नै भन्नुपर्छ कि विन्ध्यवासिनीको पूजा परम्परामा पुरानो मौलिकता समाप्त भएको शताब्दियौं बितिसकेको छ । त्यसको जानकारी राख्ने मानिसहरू फेलापार्न गाह्रो मात्र होइन असम्भव नै छ । यतिबेला जुन विधि, परम्परा र मान्यताबाट विन्ध्यवासिनी देवीको पूजा उपासनाको परम्परा प्रचलनमा छ त्यो वैदिक परम्पराको भद्दा नक्कल हो भन्ने ज्ञान राख्ने मानिस कोही छैन । जसले जानकारी राख्छन् तिनमा पनि पूजापरम्परासँग खासै चासो र सरोकार रहेको देखिदैन । त्यसैले पूजा परम्परा जे जसरी चलिरहेको छ त्यसमा प्रश्न उठाउने मान्छे पनि कोही छैन ।

हरेक साँझविहान विन्ध्यवासिनी देवीको पूजा अर्चना गर्दा पण्डित पुजारीहरूले सप्तशती चण्डी वा देवी भागवतमा उल्लेख भएका श्लोकहरू भट्ट्याएर पूजा गर्ने गर्छन् । विचरा पण्डित पुजारीहरूलाई सप्तशती चण्डी वा देवी भागवतमा 'विन्ध्यवासिनी' नामकी देवीको चर्चा कहीँकतै छैन भन्ने कुराको जानकारी नहुन सक्छ । अथवा जानकारी भए पनि अघिल्लो पुस्ताले विन्ध्यवासिनीलाई देवी भगवतीकै प्रतिरूप मानेर पूजा गर्दै आएका हुनाले त्यो 'श्राद्धमा बिरालो बाँध्ने' परम्परामा औंलो उठाउने हिम्मत गर्दैनन् वा त्यस्तो आवश्यकतै ठान्दैनन् । पण्डा पुजारीहरूद्वारा देवीपूजाको प्रचलित पूजापरम्पराको औचित्य अनौचित्य भन्दा बढी आफ्नो पेसा व्यवसायको ख्याल गरिनु पनि अस्वाभाविक होइन ।

ऐतिहासिक तथ्यले त देवी स्वयम वैदिक देवताको गणनामा पछि मात्रै सामेल गरिएकी हुन् भन्ने प्रमाणित गर्दछ । वैदिक आर्यहरू भारतवर्षमा प्रवेश गर्नुपूर्व नै यस क्षेत्रमा अनार्य द्रविड समुदायले देवी, महादेव र लिङ्ग पूजाको परम्परा बसालेका थिए भन्ने कुराको प्रमाण सिन्धु घाँटीको सभ्यताको अध्ययन अनुसन्धानबाट पुष्टि हुन्छ । मातृशक्तिलाई 'काली' को रूपमा मान्ने द्रविड परम्परालाई धेरै पछि मात्र वैदिक आर्य समुदायले अपनायो र पौराणिक कालमा देवीका आठ र सय नामहरूको उपासना गर्न थालेको हो । देवीका सय नामभित्र समेत विन्ध्यवासिनी समावेश छैन । त्यसको अर्थ यतिवेला जे भनेर विन्ध्यवासिनीको पूजा गरिन्छ त्यसमा सत्यता छैन । त्यो परम्परा विल्कुल झुठ र फरेव हो । विन्ध्यवासिनी वैदिक आर्यहरूका पुराणहरूले मानेकी देवी भगवतीको अर्को एउटा रूप किमार्थ होइन ।

आज पनि हाम्रो मौलिक संस्कृतिमा दक्षिणको छाँया ग्रहण बनेर लागेको छ । उतैको भाषा, संस्कृति, परम्परा, सामाजिक प्रचलनहरूबाट हामी प्रभावित छौं । गीतसंगीत उतैको सुनिन्छ, टिभी सिरियलहरू उतैका लोकप्रिय छन्, भाषासाहित्यमा त झन दक्षिणको हस्तक्षेपकारी भूमिका रहेको कुरा कटु यथार्थ हो । हाम्रो संस्कृति अतिक्रमित छ, हाम्रा सामाजिक विधिव्यवहारहरू अतिक्रमणबाट विकृत बन्दै गैरहेका छन् । त्यसरी नै प्रागैतिहासिक कालमा पनि हिमालयको काखमा विकसित भएको खस संस्कृति दक्षिणको वैदिक संस्कृतिबाट अतिक्रमित र प्रभावित रहँदै आएको थियो । जाति विभाजन र वर्णभेदको परम्परा वैदिक समाजको आविस्कार हो । उच्च वर्ण र ठूलो जातिको भनाउने लोभमा खस जातिका पुरेत झाँक्रीहरूले सर्वप्रथम वैदिक संस्कार ग्रहण गरेर आफूलाई 'ब्राह्मण' भनाउन थालेका हुन् भन्ने कुरामा सबै इतिहासविद तथा समाज शास्त्रीहरू सहमत छन् । त्यसको सिको गरेर निकै पछि मात्रै कैयौं खसहरू क्षत्री र ठकुरी बनेका हुन् ।

वैदिक संस्कारबाट दीक्षित बनेर 'नव ब्राह्मण'बनेको समुदायले खस देवीदेवताको परम्परागत पूजा, अर्चना र उपासनाको विधि परम्परा परित्याग गरी वैदिक परम्परा अनुसार गर्न गराउन थालेको हो । त्यस कुराको ज्यूँदो प्रमाणको रूपमा आजसम्म पनि ब्राह्मण राख्नु नपर्ने 'कुलपूजा', 'गोठधुप' आदिमा वैदिक कर्मकाण्ड नगरिने परम्परा रहेको छ । वैदिक संस्कृति र परम्पराले नथिचेका पूजासंस्कृतिहरूको नमूनाको रूपमा देशका विभिन्न भागमा देवीपूजाका मौलिक परम्परा अझ पनि बाँकी छन् । बाग्लुङ्गको कालिकाको पुजारी 'क्षत्री थरका खड्काहरू' रहन्छन् र गोर्खाको मनकामनाका पुजारी 'मगर' रहने परम्परा कायमै छ । अवश्य कुनै बखत पोखरामा स्थापित विन्ध्यवासिनी देवीको पूजाको परम्परा पनि मनकामना र बाग्लुङ्ग कालिकाको जस्तै रहेको हुँदो हो । कालान्तरमा त्यो परम्परा मासियो । कहिले देखि कसरी विन्ध्यवासिनीलाई देवी भगवती मान्न थालियो भन्ने कुराको जानकारी भने कसैलाई छैन ।नेपालको सन्दर्भमा खस जाति भन्नाले पहाडी ब्राह्मण, क्षत्री, ठकुरी, दशनामी र दलितहरू सबै पर्दछन् । अर्थात प्राचीन खससाम्राज्य अन्तर्गतका ठाउँका नामबाट, धार्मिक जिम्मवारी तथा राजकीय पदका आधारमा थरको नाम रहेका सबै ब्राह्मण क्षत्रीहरू खस हुन् । उच्च जातिको भनाउनैका निमित्त खसहरूले जनै धारण गरेर आफूलाई क्षत्री र ब्रांह्मण घोषणा गरेका हुन् । अझ यसो भन्दा हुन्छ कि 'पूर्वीया ब्राह्मण' भनेर चिनिने बाहुनहरू खसजातिकै हुन् । पूर्वीया ब्राह्मणहरूले कहिलेदेखि जनै (यज्ञोपवित) लगाउन थालेका हुन् भन्ने कुराको एकिन तिथिमिति फेला पर्दैन । महाकाली पश्चिम कुमाउ गढवालतिरका ब्राह्मणहरूले नवौं शताब्दीतिर हिन्दू धर्मसंस्कार ग्रहण गरेका हुन् भन्ने अनुमान गर्ने आधार फेला पर्छ । किनकि नवौं शताब्दीमा शंकराचार्यले कुमाउ गढवालको धर्मयात्रा गरी त्यस क्षेत्रका बौद्ध, वोन र खस धर्मालम्बीहरूलाई हिन्दूधर्मबाट दीक्षित बनाएका हुन् भनिन्छ । महाकाली पूर्वका ब्राह्मण (झाँक्री, पुजारी, पुरेत) हरूले जनै धारण गर्न थालेको त्यो भन्दा पनि पछि हो । विक्रम संवत १२८० मा खसराजा जगतिवम (गगनिराज) ले खसहरूमा जनै वितरण गरेको वंशावली प्रमाण फेला पर्दछ ।

अज्ञानताले अन्धविश्वास जन्माउँछ र अन्धविश्वासले कसरी रुढीको रूप लिन्छ भन्ने कुराको गतिलो प्रमाण म्याग्दी जिल्लाको सदरमुकाम वेनीको नजिकमा रहेको 'गलेश्वर' बनेको छ । यद्यपि 'शालग्राम' निर्माणको आफ्नै प्राकृतिक, जैविक र वैज्ञानिक कारण रहेको भए तापनि सबभन्दा पुरानो भनेर दावी गर्ने गरिएको वैदिक मान्यतामा शालग्रामलाई विष्णुको प्रतिरूप मानिन्छ । तर गलेश्वरमा भने शालग्रामलाई ज्योतिर्लिङ्ग मानेर शिवजीका रूपमा पुज्ने परम्परा छ ।

परब्रह्म परमात्मालाई सृष्टिको कारक मान्ने अध्यात्मिक दर्शन विपरित सांख्यदर्शनले सृष्टिको कारण प्रकृति र पुरुषतत्वको आकस्मिक र स्वाभाविक सम्मिलनको परिणामलाई मान्दछ । सांख्यदर्शनका प्रणेता कपिल मुनि खसवंशी थिए । मातृतत्वको रूपमा देवी र पितृतत्वको रूपमा मष्टलाई मान्ने उपासना गर्ने चलन खस संस्कृति हो । कपिलमुनिको भौतिकवादी दर्शन खस परम्परा र मान्यतामा आधारित थियो । हो, त्यही मातृशक्तिको रूपमा खसजातिले मान्ने देवीका अनेक नाम रूप मध्येको एउटा 'विन्ध्यवासिनी' पनि हो । विन्ध्यवासिनी खसजातिकी देवीमाता हुन्, कुलदेवी हुन् । यिनी वैदिक (पौराणिक) वा हिन्दू धर्ममा महिषमर्दिनी भगवतीको रूपमा चर्चित देवी होइनन् । स्थापना विन्ध्यवासिनीको गरेर भगवती कालीको पूजा गर्ने परम्परालाई कसरी औचित्यपूर्ण कर्म मान्न सकिन्छ र ?!

# कारवाहीका वारेमा वालिङमा सार्वजनिक सुनुवाई

**स्याङ्जा ३० असार ।**

वालिङ नगरपालिकाको आयोजनामा सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । वालिङ नगरपालिकाले आर्थिक वर्ष २०७०/०७१ मा भए गए गरेका काम कारवाहीका वारेमा सार्वजनिक सुनुवाई गरेको हो । कार्यक्रममा वोल्ने वक्ताहरुले योजना सञ्चालन गर्दा आवश्यक्ता हेरेर गर्नुपर्नेमा जोड दिएकाछन् । उनीहरुले वजेट कनिका छरे झै छर्नु भन्दा प्रभावकारी हुने गरी वजेट विनियोजन गर्नु पर्ने वताएका हुन् । उनीहरुले कृषि ,पर्यटन,वन व्यवस्थापन,फोहर मैला व्यवस्थापनमा आदिलाई विशेष प्राथमिकता दिन नगरपालिकालाई विशेष सुझाव दिएका थिए । वक्ताहरुले वालिङको पहिचान छनौट गरी तत्कालै काम गर्नुपर्नेमा जोड दिएका थिए ।

दीर्घकालिन समस्या पहिचान गरी काम गर्न सकेमा वालिङ नगरपालिक उत्कृष्ट हुने दावी गरेका हुन् । त्यस्तै नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको उपयोग हुन नसकेको,आँधीखोला वचाउन तत्कालै विशेष पहल गर्नु पर्ने,लक्षित वर्गको सहभागिता वढाउनु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा वोल्दै वालिङ नगपालिकाका कार्यकारी अधिकृत सुरथा पोखेलले आगामी आर्थिक वर्षमा वसर्पाकको सम्झौता भई काम शुरु हुने जानकारी दिनुभयो । उहाँले नगरवासीको भावना अनुशार कार्यालयले विभिन्न गतिविध सञ्चालन गर्ने स्पष्ट पार्नु भयो ।

सार्वजनिक सुनुवाईमा वोल्दै ईलाका प्रशासन कार्यालय वालिङका प्रमुख झलकराम सुवेदीले नगर विकासमा सवै नगर वासी एक जुट भएर लाग्नु पर्नेमा जोड दिए

सो अवसरमा नेपाली कांग्रेसका नगर सभापति दिलिप प्रताप खाँण,एकिकृत नेकपा माओवादीका नित्यानन्द तिवारी,वालिङ उद्योगा वाणिज्य संघका अध्यक्ष पूण्य प्रसाद अर्याल,केदार काफ्ले,हुम वहादुर गुरुङ, गोविन्द पंगेनी,युगमाया पंगेनी, लिल वहादुर रनपाल, लगायतले नगरपालिकाले जवाफदेहिता,पारदर्शिता र उत्तरदायित्व वहन गर्न तर्फ लाग्न सुझाव दिएका थिए ।

वालिङ नगरपालिकाका कार्यकारी अधिकृत सुरथ पोखेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघ स्याङजाका उपाध्यक्ष राधाकृष्ण डुम्रेले गरेका थिए ।


**घडेरी विक्रीमा**

पोखरा-४, गैह्रापाटबाट तेर्सापट्टि निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ ।
नोट : टुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६०० ९८१६१०४३७०

**चाया, पोतो र डण्डिफोर Bye Bye**

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
म्याग्नेटिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
**बिहानी ब्युटी ट्रेडर्स**

**तुरुन्त खानेपानी चाहिएमा**

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

**खानेपानी चाहिएमा**

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

**आवश्यकता**

महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई थप केही साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।
अगरवत्ति बनाउनेमा- महिला गृहणी, युवती- २१ जना
पोष्ट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना
❖शिपमूलक तालिम सहित रोजगारको १००% ग्यारेन्टी
❖तलव कामको दक्षता तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
❖आफ्नै घरमा सामाग्री लगेर जुनसुकै समयमा काम गर्न सकिने ।
सम्पर्क : ९८४६७०८१०५, ९८१६६३७२९१ महेन्द्रपुल, पोखरा

**नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा**

के तपाईसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

**"रंगहरूको अन्तिम गन्तव्य"**

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

# नेपालमा करिब ९० हजार क्षयरोगी रहेको अनुमान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० असार ।**

सहश्राब्दी विकास लक्ष्यमा क्षयरोगको मुद्धा र चुनौती विषयक राष्ट्रिय गोष्ठी पोखरामा सोमबारदेखि शुरु भएको छ । नेपाल सरकार राष्ट्रिय क्षयरोग केन्द्रको आयोजना तथा क्षयकुष्ठ सुपरिवेक्षक संघ नेपालको सह-आयोजनामा २ दिने गोष्ठी शुरु भएको हो । क्षयरोग क्षेत्रसँग सम्बन्धित देशभरमा भैरहेका कार्यक्रम कार्यान्वयनको अवस्था र मूल्यांकन, समिक्षा, कार्यक्रम संचालनका क्रममा आईपरेका समस्या, चुनौती तथा आगामी कार्ययोजना निर्माणका लागि भएको गोष्ठीमा क्षयरोगका विषेशज्ञहरुले विभिन्न शीर्षकमा १५ वटा कार्यपत्र प्रस्तुत गर्ने क्षयकुष्ठ सुपरिवेक्षक संघ नेपालका केन्द्रीय अध्यक्ष चन्द्रबहादुर श्रेष्ठले जानकारी दिए । पोखरा ईन्द्रचोकको क्षयरोग प्रभावित सञ्जु कार्कीले उद्घाटन गरेको कार्यक्रममा देशभरका करिब २ सय जना स्वास्थ्य कर्मीहरुको सहभागिता रहेको छ । गोष्ठीको पहिलो दिन विभिन्न शीर्षकका १० भन्दा बढि कार्यपत्र प्रस्तुत गरिएको थियो भने कार्यपत्र माथि छलफल पनि गरिएको थियो । बाँकी कार्यपत्र मंगलबार प्रस्तुत हुनेछन् ।

अहिले देशभरमा ८०/९० हजारको हाराहारीमा क्षयरोगका बिरामी रहेको राष्ट्रिय क्षयरोग केन्द्रको तथ्यांक छ । देशभर संचालित कार्यक्रम मार्फत वर्षेनी ४५ हजार नयाँ क्षयरोगका बिरामी भेटिनुपर्नेमा गतवर्ष ३६ हजार मात्रै भेटिएकाले लक्ष्य पुरा नभएको केन्द्रका निर्देशक डा.राजेन्द्र पन्तले बताए । ति छाडिएका करिब १० हजार बिरामीलाई उपचारमा कसरी सहभागी गराउने भन्ने चुनौती थपिएको उनको भनाई छ । उपचारमा आईसकेका क्षयरोगका बिरामीको निको हुने दर भने करिब ९० प्रतिशतको हाराहारीमा रहेको छ । यस्तै दोश्रो चरणमा पुगेका अर्थात पहिलो चरण ६ देखि ८ महिनासम्मको उपचारबाट निको नभएकाहरुलाई दोश्रो चरणमा २० देखि २४ महिना उपचार गरि निको हुने दर चाहि नेपालमा ७२ प्रतिशत रहेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा यो दर जम्मा ५० प्रतिशत मात्रै रहेको छ ।

पश्चिमाञ्चल विकास क्षेत्रमा चाहि गतवर्ष क्षयरोगका २ हजार ६ सय ५० जना नयाँ बिरामी पत्ता लागेको पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराका क्षयकुष्ठ अधिकृत रेकबहादुर थापाले जानकारी दिए । जसमध्ये महिलाको संख्या ३३ प्रतिशत र पुरुषको ६६ प्रतिशत रहेको थियो । बिरामी पत्ता लागेका मध्ये करिब ९० प्रतिशत औषधी सेवन पश्चात निको भएको थापाले बताए । गत आर्थिक वर्षमा नयाँ पुराना गरि सर्ने प्रकारको क्षयरोग लागेका २ हजार ७ सय ५२ जना बिरामीमध्ये २ हजार ४ सय ५६ जना पूर्ण रुपमा निको भएको पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको तथ्यांक छ ।

## क्षयकुष्ठ सुपरीवेक्षक संघमा श्रेष्ठ

*क्षयकुष्ठ सुपरीवेक्षक संघ नेपालको पोखरामा सम्पन्न पहिलो राष्ट्रिय अधिवेशनले चन्द्रबहादुर श्रेष्ठलाई अध्यक्षमा चयन गरेको छ । आइतबार भएको अधिवेशनले २ वर्षे कार्यकालका लागि १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । देशभरका क्षयकुष्ठ अधिकृत तथा सुपरीक्षवेक्षक सदस्य रहेको संघको उपाध्यक्षमा दयाकृष्ण पन्त, सचिव रामगुलाम कर्ण, कोषाध्यक्ष तारा शर्मा र सहसचिव लक्ष्मण बसौला रहेका छन् । यसैगरि सदस्यहरुमा पश्चिमाञ्चलबाट राजाराम अधिकारी र महमद ईरफान, मध्यमाञ्चलबाट पदम केसी र उमेश यादव, मध्यपश्चिमाञ्चलबाट नोखराज पोखेल र खगेन्द्र गैह्रे तथा सुदुरपश्चिमाञ्चलबाट उद्धव ठगुन्ना र देवदत्त जोशी चयन भएका छन् । देशभरका क्षयकुष्ठ क्षेत्रमा कार्यरत अधिकृत तथा सुपरिक्षवेक्षकको पेशागत हकहित संरक्षण र सम्बर्द्धनका लागि संघको तदर्थ समिति २०६५ सालमा गठन भएको थियो । तदर्थ समिति गठन भएको ३ वर्षभित्र कार्यसमिति चयन गर्नुपर्ने भएपनि विभिन्न कारणले अहिले मात्रै अधिवेशन गरेको समितिका साधारण सदस्य जयराम दुवाडीले बताए । संघको पहिलो अधिवेशनले क्षयरोग र कुष्ठरोग नियन्त्रण अभियानमा सहयोग गर्ने निर्णय गरेको संघका नबनियुक्त अध्यक्ष चन्द्रबहादुर श्रेष्ठले बताए । संघमा देशभरबाट ८४ जना सदस्यहरु रहेका छन् ।*

# प्राङगारिक कृषिको नयाँ अभियान तालिम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० असार ।**

प्राङगारिक कृषि नयाँ अभियान सम्बन्धी पाँच दिवसीय कृषि तालिम सम्पन्न भएको छ । पोखरा वडानं १५ टुटुङ्गामा माया अर्गानिक नर्सरी तथा तरकारी फर्मबाट २५ गते देखि शुरु भएको अभियान कास्कीको आर्वामा पुगेर समापन गरिएको हो ।

तालिममा पोखरा चाउथेमा जीवामृत बनाउने तालिम वडा नं १५मा रहेको माया अर्गानिक नर्ससरी तथा तरकारी फर्ममा महापच्चकब्बे झोलमल उत्पादन, हरिमाया खत्रिको तरकारी फर्ममा महापञ्चकब्वे उत्पादन तथा रोगकिरा नियन्त्रण र च्याउ उत्पादन सम्बन्धी तालिम सम्पन्न भएको बताइएको छ । यस्तै आर्वा गाविसमा पनि जीवामृत उत्पादन सम्बन्धी तालिम गराइएको बताइएको छ । रासायनिक विषादीको प्रयोग भएका कृषि उपजको प्रयोगले मानिस तथा पशु चौपायहरुमा नकारात्मक असर गर्ने भएकोले सबै सर्तक हुनु पर्ने माया अर्गानिक नर्ससरी तथा तरकारी फर्मका अध्यक्ष माया केसीले बताएका छन् । कृषि मन्त्रालयको आर्थिक सहयोगमा आफूहरुले अर्गानिक अभियान संचालन गरेको केसीले बताए ।

अभियानको उद्घाटन क्षेत्रीय कृषि निर्देशक लेखनाथ आचार्यले गरेको कार्यक्रम पाँच दिनसम्म संचालन भएको थियो । तालिममा माया केसी, बालसंरक्षण अधिकृत शिब बराल लगायतले प्रशिक्षण दिएको तालिममा कृषकहरुको उत्साहजनक सहभागिता रहेको बताइएको छ ।

# लागूऔषध कारोवारी चक्रे मिलन जमानतमा रिहा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं३० असार ।**

विशेष अदालतमा लागुऔषध कारोबारको मुद्दा खेपिरहेका चक्रे मिलन सम्पत्ति शुद्धीकरणसम्बन्धी अर्को एक मुद्दामा सोमबार विशेष अदालतमा जेथा जमानीमा रिहा भएका छन् । केन्द्रीय कारागार काठमाडौँमा थुनामा रहेका अभियुक्त चक्रेसँग रु सात करोड आठ लाख १५ हजार बराबरको सम्पति अवैध रहेको भन्दै सम्पत्ति शुद्धीकरण विभागले २०७० जेठ ५ मा उक्त अदालतमा अर्को मुद्दा दायर गरेको थियो । तनहुँ जिल्ला व्यास नगरपालिकास्थित आफन्तको घरसहित १४ रोपनी जग्गा धरौटी राखेकाले तारेखमा रही मुद्दाको किनारा लगाउन अदालतले आदेश दिएको रजिष्ट्रार नातीबाबु लामिछानेले जानकारी दिए । यसअघि उक्त अदालतले अभियुक्त चक्रेलाई रु एक करोड बराबरको जमानत पेस गर्न दिएको आदेश पूरा गर्न नसकेकाले निजलाई थुनामा पठाइएको थियो ।

**पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।**

## बजेटले....

श्रेष्ठले बताए । होटल उद्योगहरूले भोग्नु परेको चरम ऊर्जा सङ्कटबाट राहत दिलाउन बजेटले आगामी तीन वर्षमा लोडसेडिङ हटाउनेलगायतका सडक तथा अन्य भौतिक पूर्वाधार विकास विस्तारमा प्रस्तुत भएका योजना तथा कार्यक्रमहरू उल्लेखनीय रहेको र यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने उनँले बताए ।

पर्यटन लगायत होटल तथा रिसोर्टमा निजी क्षेत्रले नेतृत्वदायी अग्रणी भूमिका निर्वाह गरी खरबौंको लगानी सोहीअनुरुपको विदेशी मुद्रा आर्जन, अरबौंको राजस्व, लाखौंलाई रोजगारी दिएको भएता पनि यस क्षेत्रको सम्वर्द्धन तथा सुदृढीकरणमा अपेक्षा गरिएअनुरुप ठोस नीति तथा कार्यक्रम आउन नसकेको अध्यक्ष श्रेष्ठले गुनासो गरे । पर्यटन क्षेत्रको विकास र सञ्चालनमा समय समयमा सिन्डिकेटबाट सिर्जना भएका बाधा अवरोध हटाउनमा बजेटले गरेको व्यवस्था सराहनीय छ बताउँदै उहाँले पर्यटन उद्योगबाट देशले सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने भएता पनि यस उद्योगको थप प्रवर्द्धन र प्रोत्साहनका लागि विशेष सुविधा नहुनुले व्यवसायीलाई केही निरास तुल्याएको छ भने ।

सञ्चालन बन्द रहेका क्यासिनोको सेवा उपलब्ध नहुँदा नेपाल आउने पर्यटकहरूको आगमनमा उल्लेखनीय गिरावट भएको परिप्रेक्ष्यमा प्रस्तुत बजेटमा यसतर्फ गरेको नयाँ व्यवस्थाले क्यासिनोहरूको अविलम्ब सञ्चालन

# कर्मचारीविहीन बन्दै दि टिम्बर कर्पोरेशन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३० असार ।**

पोखराको पृथ्वीचोकमा रहेको दि टिम्बर कर्पोरेसनको बिक्री डिपो एक महिनापछि कर्माचारीविहीन बन्दैछ । केही वर्षदेखि कामविहीन बन्दै आएको उक्त कार्यालयमा रहेका एकमात्र कर्मचारी कार्यालय प्रमुख केशव सुवेदीले साउन २९ गतेदेखि अनिवार्य अवकाश पाएपछि कार्यालय कर्मचारीविहीन बन्ने भएको हो । झण्डै ११ रोपनी नौ आना क्षेत्रफलको उक्त जग्गामा बनेको कार्यालय भवन जीर्ण अवस्थामा रहेको छ भने जग्गामा झाडी पलाएको छ । दुई दशकअघि १०/१५ जना कर्मचारी, चिरान काठ र दाउरा किन्ने ग्राहकको चहलपहल रहने गरेको यस कार्यालयले काठदाउरा बिक्री गर्न नपाएपछि सबै कर्मचारी उपदानमा निक्लेर गएका थिए । पाँच/छ वर्षदेखि काठदाउरा कार्यालय नआएको कार्यालय प्रमुख सुवेदी बताउँछन् ।

## आश्चर्य...

*गर्दागर्दै पनि नेदरल्याण्ड्सले तेस्रो स्थानमै चित्त बुझाउन बाध्य हुनुपऱ्यो । पटकपटक सेमिफाइनलसम्म पुगे पनि विश्वकप चुम्ने सपना साकार पार्न नपाएको निदरल्यान्डस्ले यसपालि पनि त्यो सपना आगामी विश्वकपका लागि थाती राख्न बाध्य हुनुपऱ्यो । अर्जेन्टिनासँग १२० मिनेटसम्म सानदार प्रतिस्पर्धात्मक खेल खेली अन्त्यमा टाई ब्रेकरमा दुईका विरुद्ध चार गोलले पराजित हुनुपरेको दृष्य विश्वभरका फुटबलप्रेमी दर्शकहरूले धेरै पछिसम्म पनि बिर्सने छैनन् ।*

*नेदरल्यान्ड्सको टिमले आशातित सफलता पाउन नसके पनि त्यसका खेलाडी रोबिन भान पर्सी भने निकै चर्चामा आए । पर्सीले स्पेनविरुद्धको खेलमा गरेको एउटा हेड गोलले विश्वभरि नै निकै चर्चा बटुल्यो । उनले डिबक्स एरियाबाट डाइभ गरी हेड गोल गरेका थिए । पर्सीको त्यही गोलको सम्मान गर्दै नेदरल्यान्ड्स सरकारले त्यसको चित्रअङ्कित सिक्कासमेत जारी गऱ्यो, जुन हारालुछ भई दुई घण्टाभित्रै सकियो । विगत २८ वर्षको लामो प्रतीक्षापछि क्वाटरफाइनलमा प्रवेश गरेको बेल्जियमको यात्रा पनि क्वाटरफाइनलमा नै सीमित रह्यो । क्वाटरफाइनलमा अर्जेन्टिनासँग हार बेहोरेपछि बेल्जियमको अघिल्लो चरणको प्रवेशमा पूर्णबिराम लागेको थियो ।*

*त्यस्तै विश्वकप इतिहासमा नै यसपटक सबै समूहका विजेता टोली पहिलोपटक अन्तिम आठमा प्रवेश गरेका थिए । यस्तै गत संस्करणको विश्वकप विजेता स्पेन समूहचरणको खेलमा नेदरल्यान्ड्स सँग १/५ गोलअन्तरले हार्नु आफैँमा एउटा अनौठो घटना भयो । इङ्ल्यान्ड, इटालीजस्ता फुटबलका महारथी राष्ट्रहरू छनोट चरणबाट नै बाहिरिनु पनि कम उदेक लाग्दो थिएन ।*

*फुटबलका अर्का महारथी अर्जेन्टिना भने तेस्रोपटक उपाधि जित्ने दाउमा रहे तापनि आज बिहान भएको खेलको बाँकी सात मिनेटलाई जोगाउन नसक्दा हार भोग्न बाध्य बन्यो । अर्जेन्टिनाका स्ट्राइकर लियोनल मेसीले सुरुवातका चारै खेलमा 'म्यान अफ द म्याच' भएर नयाँ कीर्तिमानसमेत कायम गरेका थिए । उनले क्रोएसिया, इरान र नाइजेरियाविरुद्धको खेलमा गोल गर्दै 'म्यान अफ द म्याच' भएका थिए भने यस विश्वकपमा उनले गोल्डेन बल प्राप्त गरे ।*

*यसपटकको विश्वकपबारे प्रतिक्रिया दिँदै अखिल नेपाल फुटबल सङ्घका अध्यक्ष गणेश थापाले आफूले यस विश्वकपमा मेसीले जित्ने सपना देखेको तर पूरा नभएको बताए । मेसी निकै प्रतिभावान खेलाडी भएकाले पनि जित्ने आशमा रहेको उनको भनाइ छ । उनले यस विश्वकप फुटबल प्रतियोगितामा सारा मानिसले 'इन्जोय' गरेको भन्दै खेलकुदको माध्यमबाट देशलाई चिनाउनुका साथै एकताको सूत्रमा बाँध्ने कामसमेत गरेको बताए । विश्वकपको यात्रामा नेपाल धेरै पछाडि रहे तापनि सरकार, सम्बन्धित निकायको साथ र सहयोग भएमा नेपालको विश्वकप सपना टाढा नरहने उनँले बताए ।*

*यस्तै राष्ट्रिय फुटबल टोलीका पूर्व सहायक प्रशिक्षक राजुकाजी शाक्यले यस विश्वकप फुटबल प्रतियोगिताले नेपाली फुटबल खेलाडी तथा प्रशिक्षकलाई सिक्ने मौका दिएको बताए । उक्त प्रतियोगिताबाट बललाई कसरी बचाउ गर्ने, कुन समयमा गोल गर्ने भन्ने आफ्नो प्रशिक्षणका लागि निकै सहयोग हुने उनको भनाइ छ ।*

*यस्तै युवा तथा खेलकुद मन्त्रालयका सहसचिव चुडामणि पौडेलले लिग चरणबाट नै निकै रोमाञ्चक बनेको विश्वकप फुटबलमा ब्राजिलजस्तो शक्तिशाली टिमले पनि सात गोल खानु ऐतिहासिक घटना नै भएको टिप्पणी गर्नुभयो । उहाँले यो विश्वकप खेलाडीले टेक्निकल सीप सिक्नका लागि निकै सहयोगी भएको चर्चा गरे । सहसचिव पौडेलले नेपालमा पनि खेल क्षेत्रको विकास र विस्तारको लागि पुँजीगत लगानीको खाँचो रहेको बताए । आगामी एक्काइसौँ संस्करणको विश्वकप सन् २०१८ मा रुसमा हुनेछ । रासस*

# बोलबमको प्रचारमा मोटरसाइकल ¥याली

**पोखरा ३० असार ।(गोल्डेन०**

आगामी सातादेखि पोखरामा सुरु हुने बोलबम यात्राको प्रचारस्वरुप सोमबार मोटरसाइकल ¥याली प्रदर्शन गरिएको छ । केदारेश्वर महादेवमणि सेवाश्रम समितिको आयोजनामा बिहान ९ बजेदेखि बगरस्थित गाइघाटबाट सुरु ¥याली ट्याक्सी चोक, विन्ध्यबासिनी, नालाकोमुख, पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुंगा, न्यूरोड, सिर्जनाचोक, राष्ट्रबैंकचोक हुँदै मन्दिर परिसरमा पुगेर समापन भएको थियो । ¥यालीको उद्घाटन मन्दिरका पिठाधीश डा. लेखनाथ आचार्यले गरेका थिए । प्रचारात्मक सामग्रीसहित ¥यालीका सहभागीले साउनका हरेक सोमबार बोलबम कार्यक्रममा सहभागी हुन सम्पूर्णलाई आग्रह गरेका थिए ।

पोखरामा १२ वर्षदेखि आयोजना हुँदै आएको बोलबम कार्यक्रमलाई यस वर्ष पनि भव्यताका साथ सम्पन्न गर्न बोलबम समितिले सम्पूर्ण तयारी पूरा गरेको संयोजक शंकर खरालले बताए । उनले साउनका ४ वटा सोमबार भक्तजनले गाईघाटमा १०८ धारा स्नान गरी, ८ किलोमिटरको पैदलयात्रा गर्दै केदारेश्वर मन्दिरमा पुगेर १०८ शिवलिंगमा जल चढाउन सक्ने बताए । साउन महिनामा भगवान शिवको आराधना गर्दै ज्योर्तिलिंगमा गंगाजल र बेलपत्रजस्ता सामग्रीले पूजा गरे मनोकांक्षा पूरा हुने जनविश्वास छ । सोहीअनुरुप साउन महिना सुरु नहुँदै सोमबार तिथि परेको हुँदा आज पनि कतिपय भक्तजन मन्दिरमा जल चढाउन आएको समितिका सचिव खिमबहादुर पहारीले बताए ।

# करेन्ट लागेर घाइते सुमितलाई सहयोग

**पोखरा ३० असार ।(गोल्डेन)**

करेण्ट लागेर घाइते भएका पोखरा-१६ लामाचौर लाङघारीका सुमित रञ्जीतलाई नेवा : खल लामाचौरले आर्थिक सहयोग गरेको छ । काठमाण्डौँको शिक्षण अस्पतालमा तीन साता देखि उपचाररत रञ्जीतलाई नेवा खल लामाचौरका अध्यक्ष रामप्रसाद श्रेष्ठले २६ हजार २ सय २० रुपैंया हस्तान्तरण गरेका छन् । उक्त रकम पीडितका दाजु अमित रञ्जीतलाई हस्तान्तरण गरिएको हो । आर्थिक अवस्था कमजोर रहेका २१ वर्षिय रञ्जीत असार ३ गते करेण्ट लागेर घाइते भएका थिए । लामाचौरमा लाखेँ, तायमचा नाच तथा बाघ जात्रामा महत्वपूर्ण भूमिका खेल्दै त्यस क्षेत्रका नेवार युवाहरुलाई संगठित गर्ने कार्यक्रम रञ्जीतले महत्वपूर्ण भूमिका खेलेका थिए । नेवा : खलका अध्यक्ष श्रेष्ठले घाइते रञ्जितलाई सहयोग गरिदिन आग्रह समेत गरेका छन् ।

## पार्टेशन बिक्रीमा

**विभिन्न संघसंस्था या व्यवसायिक प्रतिष्ठानको कार्यालयको सजावटका लागि आवश्यक सिसाजडित काठको फ्रेमसहितको पार्टेशन सुपथ मूल्यमा विक्रीमा छ । आकर्षक कार्यालय बनाउन चाहने र पार्टेशन आवश्यक पर्ने व्यक्तिले तुरुन्त सर्म्पक गर्नुहोला । साथै अन्य केही फर्निचर समेत उपलव्ध छन् ।**

**सम्पर्क : ९८५६०३४५०५**

## शिल कोटेशोन पेश गर्ने बारे ।

**प्रथमपटक प्रकाशित मिति : २०७१/०३/३१ गते**

**जनप्रिय बहुमुखी क्याम्पसको प्रशासन, लेखा, परीक्षा, स्टोर र पुस्तकालय शाखाका लागि एकीकृत कम्प्युटर सफ्टवेयरको आवश्यकता परेको हुँदा ईच्छुक फर्म वा कम्पनीले नियमानुसारको नविकरण र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी यस सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनसभत्र आफूले दिन सक्ने सफ्टवेयरको विवरण र त्यसको न्यूनतम् दररेट उल्लेख गरी बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म शिल कोटेशन पेश गर्नुहुन सूचित गरिन्छ ।**

**जनप्रिय बहुमुखी क्याम्पस**
जनप्रियमार्ग, पोखरा-८, फोन : ०६१-५३१८२२, ५२२२८७

## सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट कोर्षमा भर्ना खुल्यो

शैक्षिक सत्र २०७१।०७२ का लागि यस पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवामा सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट १५ महिने कार्यक्रममा भर्ना खुल्यो। इच्छुक एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**प्रवेश परीक्षा : २०७१ श्रावण १७ गते शनिबार बिहान ८:०० बजे**

**सम्पर्क ठेगाना : पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवा, पोखरा फोन नं. ०६१-५२७९३०**

नोट : पूरक एस.एल.सी. का विद्यार्थीहरुले पनि फारम भर्न सक्नेछन्।
(५% पूर्ण छात्रवृत्तिको व्यवस्था)

## मुटुरोगीहरूलाई खुशीको खबर

**शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी ढुङ्गानाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो पलास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ। नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।**

**स्थान: अस्मानी फार्मेसी**
(पुरानो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल डेण्टल हस्पिटलसँगै)
मिति : २०७१ साउन ३ गते, शनिबार
समय : बिहान ८:00 बजेदेखि बेलुका ३:00 बजेसम्म

सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क:**
०६१-५३४७४९, ९८४६०७७४४८, ९८५६०३७४४९, ९८५६०३११९७

## के तपाईमा यौनसम्बन्धी समस्या छ ???

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरुमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार**

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान**
**माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१**

## काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगाल्नु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**उपचार हुने रोगहरू** : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

**स्पार्क बि. एण्ड डि. हस्पिटल**
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा